# आकाशवाणी समाचार- नेपाली

मितिः २५ नोभेम्बर २०२४

समयः ०७.२५ – ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको भरत मण्डपममा अन्तर्राष्ट्रिय सहकारी गठबन्धन-आईसीएको विश्वव्यापी सहकारी सम्मेलनको उद्घाटन गर्नु हुनेछ।

२. संसदको शीतकालीन सत्र आजदेखि शुरु हुँदैछ। २६ दिनसम्म चल्ने यस अधिवेशनमा १९ वटा बैठक बस्नेछन्।

३. लोकसभा अध्यक्ष ओम बिरलाले संसदको बहस र छलफलमा सबै सांसदहरूबाट सकारात्मक र रचनात्मक छलफलको आशा गर्नु भएको छ।

४. विदेश मन्त्री डा. सुब्रह्मण्यम जयशंकरले भारतले इटालीलाई युरोपको प्रमुख साझेदार, महत्वपूर्ण सहयोगी र भूमध्य सागरीय क्षेत्रमा निकै प्रभावशाली देशको रूपमा लिएको बताउनु भएको छ।

५. अष्ट्रेलियाको पर्थमा जारी बोर्डर गावस्कर ट्रफीको पहिलो टेस्ट म्याचको चौथो दिन आज अष्ट्रेलिया विरुद्धको म्याच जित्ने लक्ष्यको साथमा भारतीय टोली मैदानमा उत्रनेछन्।

**प्रधानमन्त्री-सहकारी सम्मेलन**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको भरत मण्डपममा अन्तर्राष्ट्रिय सहकारी गठबन्धन-आईसीएको विश्वव्यापी सहकारी सम्मेलनको उद्घाटन गर्नु हुनेछ। अन्तर्राष्ट्रिय सहकारी गठबन्धनको १३० वर्षको इतिहासमा पहिलो पटक भारतमा विश्व सहकारी सम्मेलन तथा महासभा आयोजना हुँदैछ। यस अवसरमा श्री मोदीले अन्तर्राष्ट्रिय सहयोग वर्ष - 2025 मा एक स्मारक डाक टिकट जारी गर्नु हुनेछ। सम्मेलनमा भुटानका प्रधानमन्त्री दाशो छिरिङ तोब्गे र फिजीका उप प्रधानमन्त्री मानोआ कामिकामिका पनि सहभागी हुनु हुनेछ। भारतीय किसान फर्टिलाइजर कोअपरेटिभ लिमिटेड- इफकोले आईसीए, भारत सरकार र सहकारी संस्था अमूल र कृभकोको सहकार्यमा विश्व सम्मेलन आयोजना गर्न लागेको हाम्रो संवाददाताले जानकारी दिएका छन्।

****** ० ******

**संसदको शीतकालीन सत्र**

संसदको शीतकालीन सत्र आजदेखि शुरु हुँदैछ। २६ दिनसम्म चल्ने यस अधिवेशनमा १९ वटा बैठक बस्नेछन्। तर संविधान दिवसको अवसरमा भोलि २६ निभोम्बरमा संसद बैठक बस्ने छैन। संविधान दिवसको मुख्य कार्यक्रम २६ नोभेम्बर १९४९ मा संविधान जारी भएको संविधान सभाको केन्द्रीय हलमा हुनेछ।यस अघि सरकारले संसदका दुवै सदनलाई सुचारु ढंगले सञ्चालन गर्ने विषयमा छलफल गर्न हिजो नयाँ दिल्लीमा सर्वदलीय बैठक बोलाएको थियो। बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्नु हुँदै संसदीय मामिला मन्त्री किरण रिजिजुले शीतकालीन

अधिवेशनमा संसदमा जुनसुकै विषयमा छलफल गर्न सरकार तयार रहेको बताउनु भयो। उहाँले विपक्षी दलहरुलाई लोकसभा र राज्यसभाको कामकाजलाई सुचारु बनाउन सहयोग गर्न आग्रह गर्नु भयो।श्री रिजिजुले भन्नु भयो, बैठकमा तीस राजनीतिक दलका 42 नेताहरू सहभागी थिए र प्रत्येक दलका नेताहरूले आफ्नो सुझाव दिए। लोकसभा र राज्यसभामा कुन–कुन मुद्दा उठाउने भन्ने विषयमा नेताहरुको सुझावलाई कार्य मंत्रणा सल्लाहकार समितिमा छलफल गरिने उहाँले बताउनु भयो। श्री रिजिजुले भन्नु भयो, सरकार दुबै सदनमा उचित र शान्तिपूर्ण छलफल चाहान्छ।कांग्रेस सांसद प्रमोद तिवारीले भन्नु भयो, पार्टीले उद्योगीहरूद्वारा कथित घोटाला, मणिपुरको अवस्था, बेरोजगारी र उत्तर भारतको प्रदूषणलगायत अन्य मुद्दाहरूमा छलफल गर्न खोजेको छ।

****** ० ******

**लोकसभा अध्यक्ष - साक्षात्कार**

लोकसभा अध्यक्ष ओम बिरलाले संसदको बहस र छलफलबाट प्रेरणा लिएर सदनमा संसदीय मर्यादाको पालना गर्न सांसदहरुलाई आग्रह गर्नु भएको छ। आकाशवाणी समाचारसँगको एक विशेष अन्तर्वार्तामा श्री बिरलाले आशा व्यक्त गर्नु भयो कि सबै सांसदहरूले सकारात्मक र रचनात्मक छलफलको परम्परामा योगदान गर्नेछन्। उहाँले संसदमा उच्चतम मर्यादा कायम गर्न सांसदहरुलाई आग्रह गर्नु भयो।आरक्षणको विषयमा सोधिएको प्रश्नको जवाफमा श्री बिरलाले भन्नु भयो, यस विषयमा राजनीतिक दलहरूले आरोप-प्रत्यारोप गर्न सक्छन्, तर सत्य यो हो कि कुनै पनि सरकारले आरक्षण कोटामा छेडछाड गर्ने प्रयास गरेको छैन। उहाँले भन्नु भयो, प्रधानमन्त्री नरेन्द्र मोदी समाजका पछाडिएका र गरिब वर्गका लागि अझै पनि आरक्षण आवश्यक छ भन्ने कुरामा दृढ हुनु हुन्छभोलि मनाइने संविधान दिवस अगाघि श्री बिरलाले संविधानमा कुनै खतरा भएको दाबीलाई अस्वीकार गर्नु भयो। उहाँले संविधान देशका सबै जनताको भएको र यसमा समाजका हरेक वर्गको आस्था रहेकोमा जोड दिनु भयो। उहाँले संविधानलाई राजनीतिको संकीर्ण नजरले हेर्न नहुने बताउनु भयो।रक्षामन्त्री राजनाथ सिंहको अध्यक्षतामा सर्वदलीय बैठक बसेको थियो। केन्द्रीय सरकारका मन्त्रीहरू जेपी नड्डा, अनुप्रिया पटेल र एल मुरुगन, बीजेपी सांसद समित पात्रा, समाजवादी पार्टीका सांसद राम गोपाल यादव, एमडीएमके सांसद वाइको, कांग्रेस सांसद जयराम रमेश र अन्य सबै दलको बैठकमा उपस्थित थिए।

****** ० ******

**वैष्णव - रेलवे कर्मचारी**

रेल मन्त्री अश्विनी वैष्णवले आज बिहान महाराष्ट्रको नागपुरको अजनी रेलवे मैदानमा अखिल भारतीय अनुसूचित जाति र अनुसूचित जनजाति रेलवे कर्मचारी संघको राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्नु हुनेछ। कोभिड–१९ को महामारीका कारण विगत ५ वर्षदेखि यस संस्थाको राष्ट्रिय अधिवेशन तथा वार्षिक साधारण सभा हुन सकेको थिएन। त्यसैले संघले यस वर्ष २६ नोभेम्बरमा संविधान दिवसको पृष्ठभूमिमा नागपुरमा ठूलो मात्रामा राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेको छ। एससी एसटी रेलवे कर्मचारी युनियनका डिभिजनल अध्यक्ष एम चन्द्रमोहनले यस दुई दिने सम्मेलनमा देशभरबाट लगभग ३० हजार युनियनका सदस्यहरू सहभागी हुने अपेक्षा गरिएको बताउनु भएको छ।

****** ० ******

**अश्विनी वैष्णव साबरमती रिपोर्ट**

सूचना अनि प्रसारण मन्त्री अश्विनी वैष्णवले हिजो नयाँ दिल्लीमा फिल्म द साबरमती रिपोर्ट हेर्नु भएको छ। यो फिल्म सन् २००२ मा गुजरातको गोधरा स्टेसनमा साबरमती एक्सप्रेस ट्रेनको कोचमा भएको आगजनीको घटनामा आधारित छ। फिल्मको टोलीले शुक्रबार केन्द्रीय गृहमन्त्री अमित शाहसँग भेट गरेको थियो। श्री शाहले सत्य तथ्य बाहिर ल्याउने साहसका लागि टोलीलाई बधाई दिनु भएको छ। उहाँले यो चलचित्रले झूट र भ्रमपूर्ण तथ्य बाहिर ल्याउने र राजनीतिक स्वार्थका लागि लामो समयदेखि दबाइएका सत्यलाई उजागर गर्ने बताउनु भयो।

****** ० ******

**जयशंकर इटाली यात्रा**

विदेश मन्त्री डा. सुब्रह्मण्यम जयशंकरले भन्नु भयो, भारतले इटालीलाई युरोपको प्रमुख साझेदार, आफ्नो महत्वपूर्ण सहयोगी र भूमध्यसागरीय क्षेत्रमा निकै प्रभावशाली देशको रूपमा लिन्छ। रोमस्थित भारतीय दूतावासको

नयाँ कार्यालयको उद्धाटन समारोहमा डा जयशंकरले दुई देशबीच विभिन्न तहमा हुने नियमित वार्ताले आपसी सम्बन्ध कति गहिरो र फराकिलो छ भन्ने देखाएको बताउनु भयो। विश्वप्रति हाम्रो दृष्टिकोण समान रहेको र विश्वव्यापी तथा क्षेत्रीय समस्या समाधानका प्रयासमा समन्वयका साथै सम्बन्ध विकासमा नयाँ उत्साह देखिएको उहाँले बताउनु भयो। प्रस्तावित भारत–पश्चिम एसिया–युरोप इकोनोमिक करिडोरको सन्दर्भमा उहाँले युरोप र एसियाबीच निकै प्रभावकारी हुने बताउनु भयो।

****** ० ******

**महाराष्ट्र विधानसभा**

महाराष्ट्र विधानसभा चुनावको घोषित परिणामको अधिसूचना, निर्वाचित सदस्यहरूको सूची र राजपत्रको प्रतिलिपि महाराष्ट्रका राज्यपाल सीपी राधाकृष्णनलाई हस्तान्तरण गरेको थियो। भारतका उपमुख्य निर्वाचन आयुक्त हिरदेश कुमार, राज्यका मुख्य निर्वाचन अधिकारी एस. चोक्कलिंगमले मुम्बईको राजभवनमा राज्यपाललाई भेटेर अधिसूचना बुझाए।

****** ० ******

**रामदास आठवले महायुती सरकार**

केन्द्रीय मन्त्री र आरपीआई-आठवलेका अध्यक्ष रामदास आठवलेले भन्नु भयो, जब सीएम एकनाथ शिन्देले सत्ता लिए, उहाँको पार्टीलाई महाराष्ट्रमा मन्त्री पदहरू दिइएन। उहाँले नयाँ गठबन्धन सरकारमा मन्त्री पदको माग गर्नु भएको छ। पत्रकारहरूसँग कुरा गर्नु हुँदै श्री आठवलेले यस पटक महायुतीलाई दलित र बौद्ध समुदायबाट ठूलो संख्यामा मत प्राप्त भएको बताउनु भयो जसले महाराष्ट्रमा आफ्नो जितमा महत्त्वपूर्ण भूमिका खेलेको थियो। उहाँले आरपीआईले कम्तिमा एउटा मन्त्री र एउटा एमएलसी सिट पाउनु पर्ने बताउनु भयो।

****** ० ******

**उपभोक्ता हेल्पलाइन - कम्पनीहरू**

एउटा महत्त्वपूर्ण विकासमा, राष्ट्रिय उपभोक्ता हेल्पलाइनले गुनासोहरूको द्रुत समाधान गर्न आफ्नो कन्भर्जेन्स कार्यक्रम अन्तर्गत एक हजारभन्दा बढी कम्पनीहरूसँग साझेदारी गरेको छ। यी कम्पनीहरू ई-कमर्स, निजी शिक्षा, द्रुत गतिमा चल्ने उपभोक्ता वस्तुहरू (FMCG), उपभोग्य वस्तुहरू, इलेक्ट्रोनिक उत्पादनहरू, खुद्रा, अटोमोबाइल र बैंकिङ जस्ता प्रमुख क्षेत्रहरूमा फैलिएका छन्।

****** ० ******

**क्रिकेट भारत-अष्ट्रेलिया**

अष्ट्रेलियाको पर्थमा जारी बोर्डर गावस्कर ट्रफीको पहिलो टेस्ट म्याचको चौथो दिन आज अष्ट्रेलिया विरुद्धको म्याच जित्ने लक्ष्यमा भारतीय टोली हुनेछ। अष्ट्रेलियाले आफ्नो दोस्रो इनिङ्स खेल्दै तीन विकेटमा १२ रन बनाएको छ। उस्मान ख्वाजा क्रिजमा खेलिहेका छन्। यो म्याच भारतीय समय अनुसार बिहान ७:५० मा शुरु हुनेछ।यो खेल जित्न आयोजक टोलीले अझै पाँच सय २२ रन जोड्नुपर्नेछ। अष्ट्रेलियाको सात विकेट अझै बाँकी छ। तेस्रो दिनको खेल सकिनु अघि भारतीय बलरले तीन विकेट लिएर अस्ट्रेलियाको ब्याटिङको लय बिगारिदिए। कप्तान जसप्रित बुमराहले नाथन म्याकस्विनी र मार्नस लाबुसानेलाई प्याभिलियन पठाए भने मोहम्मद सिराजले प्याट कमिन्सलाई आउट गरेका थिए।यस अघि विराट कोहली र यशस्वी जैस्वालको उत्कृष्ट शतकीय इनिङ्सका कारण दोस्रो इनिङ्समा भारतको स्कोर ६ विकेटमा ४८७ रनमा पुगेको थियो र अष्ट्रेलियालाई जितका लागि ५३४ रनको लक्ष्य दिएको थियो। विराट कोहलीको अविजित शतक र यशस्वी जैसवालको १६१ रनको इनिङ्सले भारतलाई बलियो स्थितिमा पुर्याएको छ।

****** ० ******

**आईपीएल - लिलामी**

साउदी अरेबियाको जेद्दाहमा हिजो भएको इन्डियन प्रिमियर लिग–२०२५ संस्करणको खेलाडी लिलामीको पहिलो दिन ऋषभ पन्त र श्रेयस अय्यरले कीर्तिमानी बोली प्राप्त गरेका छन्।

****** ○ ******